नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

पत्रसंख्याः ०७५/०७६ कोष शासन शाखा मितिः २०७६/०३/०४
चलानीनं. ४३२

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय
सबै

**विषय -सुत्रको User ID र Password सम्बन्धमा**

आगामी आर्थिक वर्षको बजेट सुत्रको प्रयोगबाट तयार गरी त्यसको आधारमा लेखाङ्कन तथा प्रतिवेदन गर्ने सम्बन्धी तालिम तहाँबाट सबै स्थानीय तहलाई प्रदान भैसकेको छ । चालू आर्थिक वर्षमा सुत्र प्रयोग नगरेका र गरेको भए पनि सुत्रको नयाँ लिन्क sutra.gov.np/new पुरानो User ID र Password प्रयोग गर्दा नखुलेको अबस्थामा स्थानीय तहहरुलाई त्यस कार्यालयबाट नयाँ युजर आइडी र पासवर्ड प्रदान गर्नको लागि आवश्यक लिन्क, पासवर्ड तथा युजर आइडी तहाँको Dtco Mail Address मा पठाइसकिएको छ । उक्त पासवर्ड तथा युजर आइडीको प्रयोग निम्नानुसार गर्नु हुन निर्देशानुसार अनुरोध गरिन्छ ।

१. कुनै पनि ब्राउजरमा गएर sutra.gov.np/new टाइप गरी देखिने स्क्रिनमा कोलेनिकालाई दिइएको User ID र Password प्रयोग गरी लगइन गर्दा यस प्रकारको चित्र देखिन्छ ।




२. माथिको चित्रमा देखिएको मध्ये प्रयोगकर्ता सूचिमा क्लिक गरी User ID र Password बनाउने स्थानीय तहको नाम छनोट गरेपछि यस्तो देखिन्छ ।




३. माथिको चित्रमा युजर नेम देखिरहेको छ 80441505 यसलाई केही नगर्ने ।लोमान्थाङ गाउँपालिकाको युजर नेम सोही अङ्क हो । पासवर्डमा Reset password भन्ने रहेको छ । यसमा क्लिक गरेमा पुरानो

निजामति सेवाको सपना, समृद्ध नेपालको रचना

अनामनगर, काठमाण्डौ, फोनः ०१-४४३८५३६, ४४३८५४५, फ्याक्सः ०१-४४१४६५१
E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np

नेपाल सरकार

अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

# Financial Comptroller General Office

पासवर्ड जे भए पनि मेटिन्छ र नयाँ पासवर्ड बन्ने हुनाले एकपटक Reset गर्ने हो की होइन भनी मेसेज यस प्रकार देखिन्छ ।




उक्त मेसेजको OK वटनमा क्लिक गरेपछि नयाँ पासवर्ड जेनेरेट गरेको मेसेज यस प्रकार देखिन्छ ।




४. यसरी देखिने पासवर्ड छनोट गरिएको स्थानीय तहको लागि हुन्छ । माथि उदाहरणमा दिएको लोमान्थाङ गाउँपालिकाले सुत्र खोल्नको लागि sutra.gov.np/new मा क्लिक गरेपछि User name – 80441505 तथा Password मा sutra321 प्रयोग गरेर सुत्र खोल्नु पर्दछ ।

५. कोष तथा लेखा नियन्त्रक कार्यालयले यसरी युजर नेम र पासवर्ड उपलब्ध गराइसकेपछि स्थानीय तहलाई शुरुमा सुत्रमा लगइन गरेपछि भित्र गएर अनिबार्य रुपमा पासवर्ड परिवर्तन गरेर मात्र अगाडि बढनु पर्ने कुरा जानकारी गराउनु पर्दछ ।

कृष्णराज पौडेल

लेखा अधिकृत

निजामति सेवाको सपना, समृद्ध नेपालको रचना

अनामनगर, काठमाण्डौ, फोन: ०१-४४३८५३६, ४४३८५४५, फ्याक्स: ०१-४४१४६५१

E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np